नेपाल सरकार
# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय
सिंहदरबार, काठमाडौं
नेपाल ।

## प्रेस विज्ञप्ति

पत्र संख्याः-
च.नं.:-

गृह मन्त्रालयका अनुसार कोभिड-१९ सङ्कट व्यवस्थापन अध्यादेश २०७८ बमोजिम वीर अस्पताललाई केन्द्रीय अस्पतालको रुपमा सञ्चालन गरिएको छ। निषेधको आदेश उलङ्घन गर्ने १,०९,०५६ सवारी साधन र २२,५३७ व्यक्तिलाई हाल सम्म नियम अनुसार कारवाही गरिएको छ। जेठ १५ गतेका दिन २,८०१ जना नेपाली नेपाल प्रवेश गरेका छन् साथै क्वारेन्टिनहरूको गुणस्तर सुनिश्चितता र नियम पालनाका लागि १६६ स्थानहरूमा र अक्सिजन उत्पादन, आपूर्ति र वितरणलाई प्रभावकारी बनाउनका लागि ९७ स्थानमा अनुगमन भएको छ।

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका अनुसार दैनिक रुपमा उपत्यकाभित्रका १० वटा अक्सिजन उद्योगमध्ये ९ वटा उद्योगबाट ६,३८७ वटा सिलिण्डर र उपत्यका बाहिरका १९ वटा अक्सिजन उद्योगबाट ९,३३७ वटा सिलिण्डर गरी कुल १५,७२४ सिलिण्डर अक्सिजन भरेर विभिन्न अस्पतालहरूमा वितरण भएको छ। वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागबाट चारवटा स्वास्थ्य सामग्री फर्म, व्यवसायहरूको अनुगमन भएको छ सो क्रममा रु. १०,०००।- जरिवाना समेत गरिएको छ।

परराष्ट्र मन्त्रालयका अनुसार अमेरिकी गैरसरकारी संस्था डाइरेक्ट रिलिफ डट ओआरजी मार्फत ८४० थान अक्सिजन कन्सन्ट्रेटर समेतका स्वास्थ्य उपकरण तथा औषधि २९ मे का दिन नेपाललाई हस्तान्तरण भएको छ। कोभिड प्रतिकार्यका लागि ईन्टरनेसनल फेडेरेसन अफ रेड क्रस एण्ड रेड क्रिसेन्ट सोसाइटिज मार्फत परिचालन गर्ने गरी क्यानाडा सरकारले १० लाख क्यानेडियन डलर बराबरको सहयोगको घोषणा गरेको छ।

चीनको स्वशासित क्षेत्र तिब्बत सरकारले नेपाललाई उपलब्ध गराएको दोस्रो लटको स्वास्थ्य सामग्रीहरु ८०० थान अक्सिजन सिलण्डर, २०० थान आईसियू बेड, ५ थान भेन्टिलेटर, १० थान कन्सन्ट्रेटर, १५,००० थान एन्टिजेन किट ३० मे मा तातोपानी नाकामा नेपाललाई हस्तान्तरण गरेको छ। त्यसैगरी चीन सरकारले ५ मिलियन आर.एम.बी. अतिरिक्त अनुदान सहायता अन्तर्गत उपलब्ध गराएको ४० थान पोर्टेवल भेन्टिलेटर, २० थान अटोमेटेड एनालाईजर, १० थान डिआर मेसिन, २० थान पोर्टेवल अल्ट्रासाउण्ड र ३० थान एनेस्थेसिया मेसिन आदि स्वास्थ्य सामग्रीहरू आज मे ३० मा तातोपानी नाकामा नेपाललाई हस्तान्तरण गरेको छ। चीन सरकारले अतिरिक्त अनुदान सहायता अन्तर्गत उपलब्ध गराएको ३,५०० सिलिन्डर मध्ये १,५०० थान अक्सिजन सिलिन्डर ३१ मे मा केरुङ नाकामा नेपाललाई हस्तान्तरण हुने भएको छ। २६ मे २०२१ मा नेपाल र चीनका राष्ट्रपतिज्यूहरू बीच भएको टेलिफोन संवादमा चिनियाँ सरकारले नेपाललाई प्रदान गर्ने १० लाख कोरोना खोपको डोजमध्ये ८ लाख डोज खोप नेपाल ल्याउनको लागि नेपाल वायुसेवा निगमका चार्टर्ड विमान ३१ मे राती ११ बजे बेइजिङका लागि प्रस्थान गरी बेइजिङबाट भ्याक्सिन लिई जुन १ को १० बजे नेपालको लागि प्रस्थान गर्ने तालिका रहेको छ। अष्ट्रेलिया सरकारले उपलब्ध गराउने मानवीय सहायता सामग्री बोकी अष्ट्रेलियन डिफेन्स फोर्सको जहाज यही ४ जुन २०२१ मा नेपाल आउने तथा उक्त सहायता सामग्री



टेलिफोन : ४२११०६३, ४२११०२१, ४२११०७७, ४२११०६६
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०३८, ४२११०२१, ४२११०४७, पो.ब.नं. : २३३१२, काठमाडौं, नेपाल
ई-मेल : info@opmcm.gov.np
वेब साईट : http://www.opmcm.gov.np

नेपाल सरकार
# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्याः-

च.नं.: नेपाली सेनालाई हस्तान्तरण गराईने जानकारी काठमाण्डौस्थित अष्ट्रेलियन राजदूतावासमार्फत प्राप्त भएको छ। थाईलैण्ड सरकारको तर्फबाट ९ वटा, थाइ मोनास्ट्रि लुम्बिनी का तर्फबाट ३३ वटा र भेरापुन्चोक फाउन्डेसन का तर्फबाट ४ वटा गरी जम्मा ४६ वटा अक्सिजन कन्सन्ट्रेटरहरु गत २८ मे २०२१ मा काठमाण्डौस्थित थाई राजदूतबाट त्रिभुवन विमानस्थलमा आयोजित कार्यक्रममा हस्तान्तरण गरिएको छ।

अर्थ मन्त्रालयका अनुसार कोभिड-१९ रोकथाम, नियन्त्रण र उपचारका लागि ५८,५२,३५९ थान विभिन्न मेडिकल उपकरणहरू र ११,४६५ एम.टि.क्यू. अक्सिजन तथा औषधिहरू, ३,२३४ के.जी. स्यानिटाइजर, ८६९ के.जी. कोभिड टेष्ट किट र २० भायल्स रेम्डिसिभर पैठारी भएको छ। कोभिड-१९ रोकथाम तथा नियन्त्रणको लागि आई.सि.यू. भेन्टिलेटर स्थापना गर्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालय (धुलिखेल अस्पताल), कोशी अस्पताल, भरतपुर अस्पताल, गजेन्द्र नारायण सिंह अस्पताल, भेरी अस्पताल, डडेल्धुरा अस्पताल, नारायणी अस्पताल, कान्ति बाल अस्पताल, पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान, त्रि.वी. शिक्षण अस्पताल, पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान, रासि स्वास्थ विज्ञान प्रतिष्ठान, कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान, वी.पी. कोईराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, मेची अस्पताल, जनकपुर प्रादेशिक अस्पताल, धौलागिरी अस्पताल, लुम्बिनी प्रादेशिक अस्पताल, भिम अस्पताल, सुर्खेत प्रदेश अस्पताल, सेती प्रादेशिक अस्पताल, महाकाली अस्पताल साथै पिडियाट्रीक आई.सि.यू. स्थापना गर्न ताप्लेजुङ अस्पताल, संखुवासभा अस्पताल, तेह्रथुम अस्पताल, भोजपुर अस्पताल, खोटाङ अस्पताल, सोलुखुम्बु अस्पताल, ओखलढुंगा अस्पताल, रंगेली अस्पताल, सुनसरी अस्पताल, सर्लाही अस्पताल, गजेन्द्र नारायण मेमोरियल अस्पताल, बारा अस्पताल, रामेछाप अस्पताल, दोलखा अस्पताल, रन्तनगर अस्पताल, भक्तपुर अस्पताल, भक्तपुर नगर अस्पताल, रसुवा अस्पताल, पर्वत अस्पताल, स्याङ्जा अस्पताल, म्याग्दी अस्पताल, पाल्पा अस्पताल, रोल्पा अस्पताल, पृथ्वी चन्द्र अस्पताल, तुलसीपुर अस्पताल, मुसिकोट अस्पताल, मुगु अस्पताल, मेहलकुना अस्पताल र सेती प्रादेशिक अस्पताललाई गरी रु. १ अर्व ४१ करोड सम्मको सहमति प्रदान गर्ने निर्णय भएको जनाइएको छ।

मिति २०७८ जेठ १६

किरणराज शर्मा
प्रवक्ता



टेलिफोन : ४२११०६३, ४२११०२१, ४२११०७७, ४२११०६६
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०३८, ४२११०२१, ४२११०४७, पो.ब.नं. : २३३१२, काठमाडौं, नेपाल
ई-मेल : info@opmcm.gov.np
वेब साईट : http://www.opmcm.gov.np